आज मिति २०८२/११/१७ गते आइतवारका दिन यस मिर्चैया नगरपालिकाको नगर प्रमुख श्री श्रवण कुमार यादव ज्यूको अध्यक्षता तथा नगरकार्यपालिका सदस्य ज्यूहरुको उपस्थितीमा तपसिल वमोजिमको प्रस्तावहरुमाथि छलफल गरी निर्णय गर्न नगरकार्यपालिकाको वैठक वसियो ।

## उपस्थिती

| | |
|---|---|
| नगर प्रमुख | श्री श्रवण कुमार यादव |
| उप प्रमुख | श्री जिबछी देवी साह |
| वडा अध्यक्ष वडा नं.१ | श्री रुपेश कुमार महतो |
| वडा अध्यक्ष वडा नं.२ | श्री हरिराम श्रेष्ठ |
| वडा अध्यक्ष वडा नं.३ | श्री पवित्रि देवी यादव |
| वडा अध्यक्ष वडा नं.४ | श्री दिलिप कुमार सिंह |
| वडा अध्यक्ष वडा नं.५ | श्री प्रदिप कुमार साह |
| वडा अध्यक्ष वडा नं.६ | श्री राम प्रकाश महासेठ |
| वडा अध्यक्ष वडा नं.७ | श्री राम दयाल ठाकुर बरही |
| वडा अध्यक्ष वडा नं.८ | श्री बिरेश्वर यादव |
| वडा अध्यक्ष वडा नं.९ | श्री दिनेश कुमार मण्डल |
| वडा अध्यक्ष वडा नं.१० | श्री संजय कुमार साह |
| का.बा.वडा अध्यक्ष वडा नं.११ | श्री झगरु माझि |
| वडा अध्यक्ष वडा नं.१२ | श्री मनेलाल यादव |
| मनोनित सदस्य | श्री विनोद प्रसाद महतो |
| मनोनित सदस्य | श्री दिपेश कुमार सिंह |
| महिला मनोनित सदस्य | श्री जरिना खातुन |
| महिला मनोनित सदस्य | श्री अनिता देवी कापैर |
| महिला मनोनित सदस्य | श्री आशा कुमारी यादव |
| महिला मनोनित सदस्य | श्री निर्मला विश्वकर्मा |
| महिला मनोनित सदस्य | श्री नरधिमा लामा |
| प्रमुख प्रशासकीय अधिकृत | श्री यूगेश कुमार यादव (सचिव) |
| सहयोगी कर्मचारी | श्री जित कुमार साह |

**प्रस्तावहरु**

१.शारदा मा.बि.मा बोर्डिङ्ग जडान सम्वन्धमा ।

२.आर्थिक सहयोग सम्वन्धमा ।

३.रकम शोधभर्ना सम्वन्धमा ।

४.शैक्षिक अध्ययनको लागि आर्थिक सहयोग सम्वन्धमा ।

५.इ.प्र.का.को सवारी मर्मत सम्वन्धमा ।

६.मतगणनाको लागि आवश्यक सामाग्री उपलब्ध गराउने सम्वन्धमा ।

७.जिवन निर्वाहको लागि आर्थिक सहयोग सम्वन्धमा ।

८.आगलागि पिडितलाई आवश्यक सहयोग सम्वन्धमा ।

९.आगलागि पिडितलाई आवश्यक सहयोग सम्वन्धमा ।

१०.स्वास्थ्य उपचारको लागि आर्थिक सहयोग सम्वन्धमा

११.विविध ।

**निर्णयहरु**

**१ प्रस्ताव नं.१ माथि छलफल गर्दा** श्री शारदा माद्यमिक विद्यालयको च.न.२९ मिति २०८२/१०/०४ गतेको पत्रवाट उक्त विद्यालयमा खानेपानिको लागि १ थान बोर्डिङ्ग जडानको लागि लेखि आएकोमा उक्त विद्यालयमा १ थान बोर्डिङ्ग जडानको कार्य अगाडी वढाउने निर्णय गरियो ।

**२ प्रस्ताव नं.२ माथि छलफल गर्दा** मिर्चैया नगरपालिका वडा नं.६ को च.न.५५४ मिति २०८२/०९/२० गतेको सिफारिस पत्रवाट मिर्चैया नगरपालिका वडा नं.६ मा वस्ने राम कुमारी देवी महराको आर्थिक अवस्था कमजोर रहेको साथै निजको छोरा अजित महरा पनि अशक्त भई अस्पताल भर्ना भई उपचाररत रहेकोले र आर्थिक सहयोगको लागि लेखि आएको निजलाई रु.२५ हजार आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**३.प्रस्ताव नं.३ माथि छलफल गर्दा** नन्दाबक्स चोहर्वा व्यारेकको प.स.१३३५९/लेखा/०४/०८२/०८३/२२ मिति २०८२/१०/२७ गतेको पत्रवाट देशव्यापी जेन्जी आन्दोलनको समयमा सरकारी सम्पति तथा सर्वसाधारण जनताको सुरक्षाको लागि तहाँ गणवाट फौज परिचालन गर्दा सवारी साधनमा खर्च भएको ईन्धनको विल पठाइएकोले श्री प्रहरी कल्याण कोष पेट्रोल पम्प,कदमहा,सप्तरीको नाममा रु.३६४३२मात्र भुक्तानी दिने निर्णय गरियो ।

**४.प्रस्ताव नं.४ माथि छलफल गर्दा** मिर्चैया न.पा. वडा नं. ६ मा बस्ने जितेन्द्र महतोको छोरा राज नरायण महतो एम.वि.वि.एस अध्ययनको लागि पूर्ण छात्रवृतिमा नाम निकालेकोमा निजलाई

खाजा, खाना, अध्ययन सामाग्री लगायतको लागि प्रोत्साहन स्वरुप निजलाई रु.५१००० आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**५.प्रस्ताव नं.५ माथि छलफल गर्दा** इलाका प्रहरी कार्यालय(क),मिर्चैया सिराहाको च.न.६६ मिति २०८२/११/१५ गतेको पत्रवाट उक्त कार्यालयमा रहेको सवारी साधन विग्रिएकोले निर्वाचनको समयमा शान्ति सुरक्षा कायम गर्न तथा दैनिक प्रहरी कार्यमा असहज भइरहेकोमा सवारी साधन मर्मत गराइएकोले पेश पत्र साथ पेश हुन आएको थ्रि स्टार इन्जिनियरिङ वर्कशपको रु.२९६७९४.५० विलको रकम भुक्तानी दिने निर्णय गरियो ।

**६.प्रस्ताव नं.६ माथि छलफल गर्दा** प्रतिनिधिसभा सिराहा क्षेत्र नं.४ निर्वाचन अधिकृतको कार्यालय,मिर्चैया सिराहाको च.न.१६९ मिति २०८२/११/१७ गतेको पत्रवाट मतगणनाको लागि तार जाली,सिसिटिभि क्यामरा,माईकसहितको हर्न २ थान,लाइट,जेनेरेटर लगायत अन्य आवश्यक सामाग्रि माग भई आएकोले उपलब्ध गराउने निर्णय गरियो ।

**७.प्रस्ताव नं.७ माथि छलफल गर्दा** मिर्चैया नगरपालिका वडा नं.३ मा वस्ने भिखन चमारको घरको आर्थिक अवस्था निकै कमजोर रहेकोले खान वस्न,लगाउन समेत सक्ने अवस्था नरहेकोले आवश्यक आर्थिक सहयोगको लागि निवेदन पेश हुन आएकोले निजलाई दैनिक जिवन निर्वाहको लागि रु.३० हजार आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**८.प्रस्ताव नं.८ माथि छलफल गर्दा** मिर्चैया नगरपालिका वडा नं.९ मा वस्ने राम मया श्रेष्ठको घरमा मिति २०८२ फाल्गुन ६ गते राति करिव ११ वजे भएको आगलागि कारण निजको घर पूर्ण रुपमा जलेर नष्ट हुनुको साथै सम्पूर्ण सामाग्रि समेत जलेर नष्ट भएकोले निजलाई राहत स्वरुप निजलाई रु.१ लाख रुपैया आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**९.प्रस्ताव नं.९ माथि छलफल गर्दा** मिर्चैया नगरपालिका वडा नं.३ मा वस्ने काशिन्द्र कुमार साह र योगेन्द्र कुमार साहको घरमा मिति २०८२ माघ ०७ गते भएको आगलागि कारण निजको घर पूर्ण रुपमा जलेर नष्ट हुनुको साथै सामाग्रिहरु समेत जलेर नष्ट भएकोले निजहरुलाई राहत स्वरुप निजहरुलाई जनही रु.५० हजारको दरले आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।



**१०.प्रस्ताव नं.१० माथि छलफल गर्दा** मिर्चैया नगरपालिका वडा नं.१ मा वस्ने भोला श्रेष्ठ BP र नशा सम्वन्धी रोगवाट पिडित रहेकोमा निजले उपचार गराउदा कर्जा लिएर उपचार गराएकोमा उक्त रकम सहयोग गरिदिन माग गरेकोले विल वमोजिमको रकम भुक्तानी गर्ने निर्णय गरियो ।